नागरिक लगानी कोषको त्रैमासिक प्रकाशन

द.नं.जि.का. ४८/२०६६/०६७

# लगानी कोष समाचार

नेपालको समृद्धिको सहयात्री

CIT Newsletter

वर्ष : १८ अङ्क : ३१ २०८२ पौष

# नागरिक लगानी कोषको ३१औं साधारण सभा सम्पन्न

## १३ प्रतिशत लाभांश दिने प्रस्ताव पारित

**काठमाडौं (ना.ल.कोष)** । नागरिक लगानी कोषको ३१औं वार्षिक साधारण सभा कोष सञ्चालक समितिका अध्यक्ष तुलसीप्रसाद घिमिरेको अध्यक्षतामा सम्पन्न भएको छ । सभाले आर्थिक वर्ष २०८१/८२ को आम्दानी बाँडफाँट हिसाब विवरणमा छुट्याइएको प्रस्तावित ५ प्रतिशत बोनस सेयर र ८ प्रतिशत नगद लाभांशको प्रस्ताव पारित गरेको हो ।

त्यसैगरी आव २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदनमाथि छलफल भई पारित भएको छ । योसँगै लेखापरीक्षकको प्रतिवेदनसहितको २०८२ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणमा छलफल गरी पारित भएको हो । सभामा कोष सञ्चालक समितिका अध्यक्ष घिमिरेले कोषको कार्यक्रममा नसमेटिएका स्वरोजगार तथा वैदेशिक रोजगारमा रहेका सर्वसाधारणलाई समेट्नेगरी नागरिक पेन्सन योजनालाई प्रवर्धन गर्दै लैजाने योजना रहेको बताउनुभयो । आगामी दिनमा कोषले बचत संकलनको दायरा बिस्तार गर्दै जानेमा उहाँले जोड दिनुभयो ।

कोषले नेपाल सरकारका प्राथमिकतामा रहेका परियोजनामा लगानी बढाउने, सहभागीहरूलाई प्रदान गर्दै आएको सहभागी कर्जालाई विस्तार गर्ने, सेयर धितो कर्जा प्रदान गर्ने, जोखिम विश्लेषण गरी उपयुक्त पूर्वाधारसम्बन्धी परियोजनामा लगानी बढाउँदै लैजानेमा उहाँले जोड दिनुभयो ।

साधारण सभामा सेयरधनीहरूबाट उठाइएका जिज्ञासाबारे कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले जवाफ दिनुभयो । उहाँले कोषको वस्तुस्थितिबारे




बताउँदै सेयरधनीहरूबाट उठाइएका जिज्ञासा तथा सुझावलाई आगामी दिनमा पूरा गर्दै लाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले कोषले गत वर्षदेखि नागरिक लगानी कोष ऐनले निर्दिष्ट गरेको समयावधिभित्रै साधारण सभा गर्न सफल भएको बताउनुभयो । अबको युग डिजिटल युग भएकाले कोषले पनि सोहीअनुसार कार्य गरिरहेको उहाँको भनाइ थियो । कार्यकारी निर्देशक कार्कीले हाल अधिक तरलताको कारण कोषको मौज्दात रकमलाई पूर्ण रूपमा परिचालन गर्न चुनौतीपूर्ण रहेको विषय उल्लेख गर्नुभयो ।

कोषले लगानी विविधीकरणका लागि विभिन्न नीतिगत व्यवस्था गरेको, नागरिक लगानी कोष ऐन संशोधनको प्रक्रियामा लगेको, विभिन्न जलविद्युत् आयोजनामा लगानीका लागि कार्य अघि बढाएको एवं उत्पादनशील क्षेत्रमा कर्जा विस्तार गर्न आवश्यक गृहकार्य भइरहेको जानकारी उहाँले दिनुभयो ।

सेयरधनी संस्थाको वनर भएको बताउँदै कार्कीले सेयरधनीहरूले उठाउनुभएको सबै कुरा मार्गदर्शक भएको बताउनुभयो । संस्थालाई अगाडि बढाउने विषयमा सेयरधनीले दिनुभएको सुझाव अमूल्य भएको उहाँको भनाइ थियो । पुस मसान्तको दिन साधारण सभा गरेर सेयरधनीबाट कोष इस्केप नभएको उहाँले स्पष्ट पार्नुभयो ।

कोष ऐनले निर्दिष्ट गरेअनुसार पुस मसान्तभित्र साधारण सभा गर्न कोष सफल भएको, अघिल्लो वर्ष पनि पुस मसान्त भित्रै साधारण सभा गरेको उहाँले जानकारी दिनुभयो । सेयरधनीले अघिल्लो वर्ष पनि उठाउनुभएको र यो वर्ष पनि फेरि पुस मसान्तअगावै साधारण सभा गर्नुपर्ने कुरा उठाउनु भएकाले आगामी वर्ष सम्भव भएसम्म पुस मसान्तअगावै साधारण सभा गर्न प्रयास गरिने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो । पुस मसान्तमा सभा नगर्न अघिल्लो वर्ष पनि सेयरधनीले भन्नुभएको, यसपटक पनि पुस मसान्तअगावै सभा गर्ने तयारी गरे पनि विविध कारणले गर्दा मसान्तकै दिन सभा गर्नुपरेको जानकारी उहाँले सेयरधनीलाई दिनुभयो ।

....बाँकी पृष्ठ २ मा

....पृष्ठ १ बाट क्रमशः

कोषको आन्तरिक व्यवस्था र जनशक्तिको कारण कोषले ६ महिनाभित्र साधारण सभा गर्नु आफैंमा उपलब्धि भएको भन्दै सेयरधनीले असोज मसान्तभित्रै सभा गर्न भन्नुभएकाले त्यसमा अन्य कति संस्था र कम्पनीले सभा गर्न सके भनेर आफैंले मनन गर्न पनि उहाँले आग्रह गर्नुभयो। नेपाल वायुसेवा निगमलाई दिएको कर्जा असुली सम्बन्धमा नेपाल सरकराको जमानतमा दिएको उक्त कर्जा असुली सम्बन्धमा कोषले प्रयास गरिरहेको भन्दै कार्यकारी निर्देशक कार्कीले भन्नुभयो, 'कोष चुप लागेर बसेको अवस्था छैन। निगमले पनि त्रैमासिक रूपमा कोषमा रकम दिइरहेको अवस्था छ । तर, उक्त पैसाको साँवा ब्याजको लागि अपर्याप्त रहेको छ ।'




रिकन्सिलेसन र हिसाब मिलान कार्यमा कोषले धेरै नै सुधार गरिसकेको छ। तर रियल टाइममा रिकस्लिेसन हुन सकेको छैन । त्यसका लागि नयाँ संयन्त्रणको विकास भइसकेको छ । आगामी दिनमा यसमा सुधार हुँदै जाने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो । कर्मचारीको वृत्ति विकास नभएको भन्ने प्रश्नमा कार्यकारी निर्देशक कार्कीले यसमा कोष उच्च व्यवस्थापन गम्भीर भएर लागि रहेको बताउनुभयो । वृत्ति विकासको सम्बन्धमा कोषको कर्मचारी विनियमावली नेपाल सरकारबाट स्वीकृत भई एक चरणको पदोन्नति भइसकेको उहाँले बताउनुभयो। फेरि अर्को खालको पदोन्नति प्रक्रिया सुरु भइसकेको, कोष कर्मचारीलाई स्वदेश तथा विदेशमा तालिमको व्यवस्था गरिएको जानकारी पनि उहाँले बताउनुभयो।

संस्थागत उत्तरदायित्व सम्बन्धमा कोष ऐनले निर्दिष्ट गरेअनुसार विनियोजित रकम सही ठाउँमा प्रदान गरिएको जानकारी उहाँले सेयरधनीलाई दिनुभयो । गत वर्ष पनि बाढी पहिरो पीडितलाई ५१ लाख रुपैयाँ सहयोग गरेकोमा यो वर्ष पनि सरकारको पुनर्निर्माण कोषमा ५१ लाख रुपैयाँ दिने निर्णय गरिसकेको जानकारी उहाँले दिनुभयो । सानो रकम स्कुल पढ्ने विद्यार्थीहरू एवं फरक क्षमता रहेका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई कोषले प्रदान गर्दै आइरहेको उहाँले बताउनुभयो ।

जेनजी आन्दोलनले सरकारी सम्पत्तिहरूको बिमा गर्नुपर्छ भन्ने कुरालाई पुनः झकझकाएको बताउँदै कोषले भने आफ्नो सम्पत्तिको बिमा गरेको जानकारी उहाँले सेयरधनीलाई दिनुभयो ।

कोष वाणिज्य बैंकहरू जस्तो नभई सरकारको स्वामित्व भएको संस्था भएकाले धेरै ठाउमा समन्वय गर्नुपर्ने भएकै कारण पुस मसान्तभन्दा केही दिनअगावै सभा गर्न नसकिएको उहाँले स्पष्ट पार्नु-भयो। योसँगै कोषले सूचना प्रविधितर्फतर्फ आफूलाई परिमार्जन गर्दै लगिरहेको छ । आइटी क्षेत्रमा प्राविधिक जनशक्ति ल्याउन ओ एन्ड एम मन्त्रालयमा पठाउको उहाँले बताउनुभयो । डाटावेश सुरक्षाका लागि सिंहदरबार र काठमाडौंभन्दा बाहिर पनि ब्याकअप राखिएको हुँदा सिस्टमको सुरक्षामा चिन्ता लिन नपर्ने जानकारी कार्यकारी निर्देशक कार्कीले दिनुभयो । सिस्टमको सुरक्षालाई ध्यानमा राख्दै कोषले सिस्टमको समेत अडिट गरेको उहाँले बताउनुभयो ।

कोषमा रहेका कागजातहरूलाई डिजिटलाइज्ड गर्नेतर्फ कोषले काम सुरु गरिसकेको हुँदा समग्र लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएका कैफियत सुधार गर्दै जाने विश्वास उहाँले सेयरधनीलाई गराउनुभयो । शाखा विस्तारको सम्बन्धमा कोषले सबै प्रदेशमा शाखा स्थापना गरिसकेको बताउँदै उहाँले भन्नुभयो, ' बागतमी प्रदेशको राजधानीमा शाखा नभएको भन्ने प्रश्नमा केन्द्रबाटै काम भइरहेको छ ।'

कोषको फन्ड निष्क्रिय रहेको भन्ने सम्बन्धमा वर्तमान अवस्थामा देखिएको अधिक तरलताको कारण लगानीको वातावरण अघि बढ्न सकेको छैन। कोषसँग रहेको रकमलाई बैकहरूले लिन नमान्ने अवस्थासमेत सिर्जना भएको छ । ५ अर्ब मुद्दती निक्षेपमा राख्नुपर्‍यो भने ४०/५० करोड मात्रै बैंकहरूले लिने अवस्था सिर्जना भएको अवस्थालाई उहाँले सेयरधनीसमक्ष राख्नुभयो। यस्तो अवस्थालाई ध्यानमा राख्दै कोषले लगानी नीतिमा सुधार गरेको छ । कोषले प्रदान गर्दै आएको सापटी नीतिमा पनि सुधार गरेको छ। योसँगै कर्जा नीतिमा पनि कोषले सुधार गरेको छ । सहभागी कर्जाको सिलिङ विस्तार गर्दै कोष अघि बढिरहेको जानकारी उहाँले दिनुभयो ।

कोषले आर्थिक वर्ष २०८१/८२ मै जलविद्युत् क्षेत्रमा ....**बाँकी पृष्ठ ६ मा**

**नागरिक पेन्सन योजनामा सहभागी होऔं!**
अवकाशपछिको जीवन सुरक्षित बनाऔं !!

**यस योजनाका मुख्य विशेषता:**

- सबै नेपाली नागरिक सहभागी हुन सक्ने ।
- गैरआवासीय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकसमेत सहभागी हुन सक्ने ।
- न्यूनतम मासिक पाँच सय रुपैयाँ जम्मा गरेर योजनामा सहभागी हुन सकिने । आफ्नो क्षमतानुसार १० ले भाग जाने जतिसुकै रकम पनि जम्मा गर्न सकिने ।
- जम्मा भएको रकममा आकर्षक ब्याज/प्रतिफल पाइने । यसका अतिरिक्त अन्य सुविधासमेत भएको ।
- साठी वर्ष उमेर पूरा भएपछि मासिक रूपमा नियमानुसार पेन्सन लिन सकिने । पेन्सन लिन नचाहेमा योजनामा सहभागी भएको निश्चित समयपछि एकमुष्ट रकम फिर्ता भुक्तानी लिन सकिने ।

**विस्तृत जानकारीका लागि :**
कोषको वेबसाइट **www.nlk.org.np** मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१-५९७०२०१ मा सम्पर्क गर्नु हुन ।

**नागरिक लगानी कोष**
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।

# नागरिक लगानी कोषबाट भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा ५१ लाख योगदान



**काठमाडौं (ना.ल.कोष) ।** क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निमाण, आर्थिक पुनरुत्थान तथा राहतलगायतका कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले नेपाल सरकारले स्थापना गरेको भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा नागरिक लगानी कोषले ५१ लाख रुपैयाँ सहयोग गरेको छ ।

उक्त रकमको चेक माननीय अर्थमन्त्री श्री रामेश्वर खनाललाई कोष सञ्चालक समितिका अध्यक्ष तुलसीप्रसाद घिमिरेले हस्तान्तरण गर्नुभएको हो । २०८२ भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निर्माणका लागि सरकारले २०८२ असोजमा सो कोषको स्थापना गरेको थियो ।

सो अवसरमा अर्थमन्त्री खनालले सरकारको कार्यमा सघाउ पुऱ्याउने उद्देश्यले कोषले गरेको योगदानका लागि धन्यवाद दिनुभयो । चेक हस्तान्तरण कार्यक्रममा अर्थ सचिव डा. घनश्याम उपाध्याय, सहसचिव उत्तरकुमार खत्री, कोषका सञ्चालक सुन्दर पन्थी, कार्यकारी निर्देशक पर्वत कुमार कार्की, निर्देशक शोभा श्रेष्ठ सुवेदी, हेमन्त पोखरेल र सञ्चालक समितिको सचिव एवं निर्देशक नवराज खड्काको उपस्थिति थियो ।

# कोषको सेवामा नयाँ कर्मचारीहरूको पदपूर्ति



**काठमाडौं (ना.ल.कोष) ।** नागरिक लगानी कोषले १७ जना नयाँ कर्मचारी छनोट गरेको छ । कोषले सहायक अधिकृत छैटौं तहमा ५ जना, वरिष्ठ सहायक पाँचौं तहमा ४ जना, वरिष्ठ कम्प्युटर अपरेटर पाँचौ तह (प्राविधिक) १ जना र सहायक चौथो तह (प्रशासन) मा ७ जना गरी १७ जना कर्मचारी छनोट गरेको हो । लोक सेवा आयोगको सहमतिअनुसार नागरिक लगानी कोष कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी विनियमावली २०८१ अनुसार उहाँहरू खुला प्रतियोगितात्मक परीक्षाबाट छनोट हुनुभएको हो ।

# नागरिक लगानी कोषका सहभागीलाई मौलाकालिका अस्पतालमा छुट

**काठमाडौं (ना.ल.कोष) ।** नागरिक लगानी कोषका सहभागी, सेयरधनी र कर्मचारीहरूलाई मौलाकालिका अस्पताल प्रालि भरतपुर, चितवनले सबै सेवामा २० प्रतिशत छुट दिने भएको छ । सोसम्बन्धी सम्झौतामा कोषका निर्देशक शोभा श्रेष्ठ सुवेदी र अस्पतालका प्रबन्ध निर्देशक डा. केशवराज भुर्तेलले हस्ताक्षर गर्नुभएको हो ।

सम्झौतासँगै अब कोषका सदस्य, सहभागी, सेयरधनी र कर्मचारीले उक्त छुट पाउनु हुनेछ । छुटका लागि कोषको परिचयपत्र वा सहभागी कार्ड पेस गर्नुपर्ने व्यवस्था गरिएको छ ।



# नागरिक लगानी कोष

**कोषको वित्तीय अवस्था (अपरिष्कृत)**

**२०८२ पौष मसान्तसम्म**

रु. हजारमा

**कोषको स्रोत (Source of Fund)**

| विवरण | २०८२।८३ पौष मसान्त | २०८१।८२ पौष मसान्त |
|---|---|---|
| शेयर पुंजी | ६,८०५,७९८ | ६,४८१,७१२ |
| | | |
| *खुद कोष मौज्दात* | २९४,६५३,३९७ | २६४,३५९,७९८ |
| | | |
| *कुल अवकाश कोष मौज्दात* | २७९,८२३,४४९ | २५१,४९७,६६२ |
| *क.ब.बृ. अबकास कोष* | २०३,६०८,०६४ | १७९,१३०,९३५ |
| *नागरिक एकांक योजना* | २,१३८,८३० | १,९८१,६६८ |
| *उपदान कोष योजना* | ५४,५९२,५५५ | ५०,६५१,३३० |
| *लगानीकर्ता हिसाब* | ११,१०३,९६१ | १०,४९४,४४५ |
| *राष्ट्र सेवक कर्मचारीको बीमा कोष* | ७,७३१,८८५ | ८,७८६,०५८ |
| *नार्क बीमा कोष* | १६१,३०७ | १५४,१२२ |
| *नागरिक पेन्सन योजना* | ४८६,८४७ | २९९,१०४ |
| *बीमाकोष दायित्व* | २,५४८,१८७ | २,८७५,९८३ |
| | | |
| *जगेडा कोष* | १२,२८१,७६१ | ९,९८६,१५३ |
| *केन्द्रीय हिसाब* | २,८८५,७९० | २,७९८,७८१ |
| *अन्य कोष र योजना* | ९,३९५,९७१ | ७,१८७,३७२ |
| | | |
| *उचित मुल्य कोष* | ६,६३५,६२६ | ९,०२८,८९३ |
| पुन:मुल्याकंन कोष | ३३२,०६० | ३३२,०६० |
| | | |
| *चालु दायित्व तथा व्यवस्था* | ११,०७७,५४७ | ६,२५३,३०९ |
| | | |
| *जम्मा :* | ३१९,५०४,४२९ | २८६,४५५,७७२ |

**कोषको उपयोग (Applications of Fund)**

| विवरण | २०८२।८३ पौष मसान्त | २०८१।८२ पौष मसान्त |
|---|---|---|
| खूद स्थिर सम्पत्ति | २,२१८,५६३ | २,३०२,८७४ |
| | | |
| लगानी | २९८,६७८,४६३ | २६४,७७७,५३८ |
| | | |
| | | |
| *नेपाल सरकारको ऋणपत्र* | १३,१२७,६४५ | ५००,००० |
| *मुद्धति निक्षेप* | १४५,४०५,५०९ | १३८,१५५,९४९ |
| *समयकालिन कर्जा* | २६,३१६,७५५ | २५,८०१,६८६ |
| *सहायक कम्पनीमा लगानी* | २,७२४,६७५ | २,७२४,६७५ |
| *सहभागी सापटी तथा आवास कर्जा* | ६५,२३९,१७१ | ५४,९४७,०२१ |
| ट्रेजरी विल | १४,१७९,३९६ | ११,७५०,३१७ |
| *संगठित संस्थाको शेयर/धितोपत्र* | ३१,६८५,३१३ | ३०,८९७,८९० |
| | | |
| | | |
| *उचित मुल्य समायोजीत सम्पत्ति* | ६,६३५,६२६ | ९,०२८,८९३ |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| *बैक मौज्दात* | ५,२६२,२७४ | ३,०२८,७४३ |
| *चालू सम्पती* | ६,७०९,५०२ | ७,३१७,७२२ |
| *जम्मा :* | ३१९,५०४,४२९ | २८६,४५५,७७२ |

*माथि उल्लेखित विवरणका अंकहरू लेखापरीक्षकको सुझाव अनुसार परिवर्तन हुनसक्ने छ ।*

# नागरिक लगानी कोष

**केन्द्रीय हिसाब**

**२०८२ श्रावण १ देखि २०८२ पौष मसान्त सम्मको अपरिष्कृत आय/व्यय हिसाब**

रु. हजारमा

| बिबरण | २०८२।८३ पौष मसान्त | २०८१।८२ पौष मसान्त |
|---|---|---|
| ब्याज आम्दानी | १७३,६४० | १९३,३७१ |
| सेवा शुल्क तथा कमिशन आम्दानी | ८३९,४८८ | ८१०,१९६ |
| बिबिध आम्दानी | ५६,२२० | ३५,९६८ |
| कूल आम्दानी | १,०६९,३४८ | १,०३९,५३५ |
| ब्यवस्थापन खर्च | १४२,५३४ | १३८,३१७ |
| खर्च व्यवस्था | ३९,२९७ | ७०,३३५ |
| कूल खर्च | १८१,८३० | २०८,६५२ |
| कर अगाडीको खुद नाफा | ८८७,५१७ | ८३०,८८३ |
| आय कर ब्यवस्था | २२२,१९३ | २०८,५९७ |
| खूद नाफा | ६६५,३२४ | ६२२,२८६ |

**Particulars**

**Financial Ratios & Other Information:**

| *Overall* | As on Poush 2082 | As on Poush 2081 |
|---|---|---|
| Return on Investment (ROI) | 4.49% | 6.65% |
| Fund to Investment ratio | 99.81% | 96.73% |
| Weighted average cost of fund | 4.34% | 6.04% |
| *Central Account* | | |
| Net Worth (Rs. in '000) | 9,691,588 | 9,280,493 |
| Net Worth (Value per share) | 142.40 | 143.18 |
| Earning Per Share (in Rs.) - Annualized | 19.55 | 19.2 |
| | | |

१. **वित्तीय विवरण :**
त्रैमासिक अवधिको वासलात, नाफानोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ।

२. **व्यवस्थापकीय विश्लेषण :**
कोषले दीर्घकालीन प्रकृतिको कोष सङ्कलन गर्ने भएको र सहभागीहरूको मासिक सङ्कलन रकमबाट दैनिक भुक्तानी दिने कार्य गर्ने भएको हुँदा तरलता व्यवस्थापनमा सहजता छ। कोषको मुख्य आम्दानीको रूपमा कोषले सञ्चालन गरेका योजनाहरूबाट प्राप्त सेवाशुल्क, व्याज आम्दानी तथा नगद लाभांश रहेको छ। कोषले बन्दमुखी सामूहिक कोष योजना सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ। लगानी विविधिकरणलाई कोषले प्राथमिकतामा राखेको छ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण :**

(क) नागरिक लगानीकोषले सञ्चालन गरेको उपदान कोष तथा लगानी कर्ता हिसाब योजनाको रकमबाट सम्बन्धित संस्थाका अवकाश प्राप्त कर्मचारीहरूलाई योगदानमा आधारित नभएको अवकाश रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले आयकर बापत कट्टा गरी भुक्तानी दिँदै आएकोमा उपदान तथा लगानी कर्ता हिसाब योजना बापत ५ प्रतिशत मात्र कर कट्टी गर्नुपर्ने सम्बन्धमा कोष समेतलाई प्रतिवादी बनाई रिट दायर हुने गरेको र सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत एवं उच्च अदालतबाट विभिन्न आदेश आइरहेको अवस्था विद्यमान छ।

(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनी ठूला कर दाता कार्यलयबाट आ.व. २०७४।०७५ को संशोधित कर निर्धारण गर्दा कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रशासकीय पुनरावलोकन गरेकोमा विभागबाट समेत ठूला कर दाता कार्यालयको निर्णयलाई सदर गरेको हुँदा मिति २०८२ असोज ०२ गते राजस्व न्याधिकरण काठमाडौंमा पुनरावेदन गरिएको छ।

४. **सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) कोषको शेयर नेपाल स्टक एक्स्चेन्ज लि. को दोस्रो बजारमा खुला शेयर बजार अन्तर्गत कारोबार भइरहेको छ। यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या :

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार शेयर सङ्ख्या |
|---|---|---|---|---|
| १,८९९.९ | १,७५२ | १.७७४ | ५५ | ४,०९,१०८ |

५. **समस्या तथा चुनौती**
कोषले प्रयोगमा ल्याइरहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरूले प्रयोगमा ल्याइरहेको सफ्टवेयरसँग एकीकरण हुनेगरी मिल्दो बनाउने, पुरानो हिसाबमिलान कार्य सम्पन्न गर्ने, सहभागीहरूलाई दिइने प्रतिफल दरलाई आकर्षक बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरू कोषसँग रहेका छन् । त्यसैगरी पुँजीबजार तर्फको कारोबारमा प्रतिष्पर्धा, नेपाल वायु सेवा निगमलाई प्रवाह भएको कर्जा नियमित रूपमा असुली नभएको, कोषमा आवद्ध संस्था र सहभागीहरूलाई सामाजिक सुरक्षाकोषमा जानुपर्ने अवस्था श्रृजना गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम अन्य संस्थाबाट सञ्चालन गर्ने व्यवस्थाले कोषको कारोबारमा परेको असर जस्ता बाह्य चुनौतीहरू रहेका छन् । यसैगरी बजारमा अधिक तरलता रहेको कारणबाट मुद्दती निक्षेपको ब्याजदरमा आएको अत्याधिक गिरावटले कोषले सञ्चालन गरेका कार्यक्रम/योजनाको वित्तीय अवस्थामा पर्न गएको असर चुनौतीपूर्ण रहेको छ। यी चुनौतीहरू समाधानका लागि कोषले आफ्नो प्रयोगमा रहेको सफ्टवेरलाई नियमित रूपमा अद्यावधिक गरी सबै कार्यक्रममा लागू गर्ने, कोषका सेवाहरूलाई डिजिटलाइज गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरुस्त बनाउने, सहभागीहरूलाई आर्कषक प्रतिफल दिने गरी सुरक्षित रूपमा लगानी विविधिकरण गर्ने लगायतका रणनीति कोषले लिएको छ।

६. **संस्थागत सुशासन :**
कोषको शीर्ष निकायको रूपमा रहेको सञ्चालक समिति शेयरधनीहरू प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्ने जिम्मेवारीमा रहेको छ। कोषले सञ्चालन गर्ने योजना/कार्यक्रमहरूको सञ्चालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणिकरण गर्न सञ्चालकको संयोजकत्वमा दृष्टि उपसमितिहरू गठन गरिएको छ। सहभागीहरू प्रति दृष्टि उत्तरदायी रहने गरेको छ। आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न सञ्चालकको संयोजकत्वमा लेखा परीक्षण समिति रहेको छ। सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उपसमिति गठन गरिएको छ। यस सम्बन्धमा सम्पादित कार्यहरूको प्रतिवेदन आवधिक रूपमा समिति समक्ष पेश गर्ने गरिएको छ। कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगानी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ। लगानी नीतिको सीमाभित्र रही तोकिएको विधि प्रक्रिया र मापदण्डको अधीनमा रही लगानी गर्ने गरिएको छ। सहभागीहरूलाई कर्जा प्रदान गर्दा कर्जा कार्यविधिको अधीनमा रही गर्ने गरिएको छ।

७. **सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझे सम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानी कर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।

# अवकाश प्राप्त अधिकृतहरूको बिदाइ



**काठमाडौं (ना.ल.कोष)** । नागरिक लगानी कोषको सेवाबाट अनिवार्य अवकाश पाउनुभएका वरिष्ठ उपनिर्देशक नारायणप्रसाद घिमिरे र विजेन्द्र रघुवंशीलाई एक समारोहकाबीच बिदाइ गरिएको छ । नागरिक लगानी कोष, कर्मचारी सेवा सर्त र सुविधासम्बन्धी नियमावली २०८१ को परिच्छेद १२ को दफा ११८ अनुसार कुनै पनि कर्मचारीको उमेर ६० वर्ष पूरा भएपछि सेवाबाट अनिवार्य अवकाश दिइने व्यवस्थाअनुसार घिमिरे र रघुवंशीको बिदाइ गरिएको हो ।

कार्यक्रममा कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले अवकाशपछिको जीवन सुखमय होस् भन्ने कामना गर्दै उहाँको सुस्वाथ्य एवं सामाजिक जीवनमा थप उन्नति र प्रगतिका लागि शुभकामना दिनुभयो ।

कोषले अवकाश प्राप्त मेहनती कर्मचारीहरूलाई अवकापछि पनि विभिन्न कार्यक्रममा आमन्त्रण गर्ने गरेको र यसलाई निरन्तरता दिने धारणा राख्नुभयो । कोषले कारोबार सुरु गरेको केही समयदेखि नै कार्यरत उहाँजस्ता कर्मचारीको कारण कोष अहिलेको ठाउँमा आइपुगेको कार्यकारी निर्देशक कार्कीको भनाइ थियो । एउटा मिलनसार कर्मचारीको अवकाशले कोषमा रिक्तता महसुस गरेको धारणा उहाँले राख्नुभयो । कार्यकारी निर्देशक कार्कीले सबै कर्मचारीमा त्यागको भावना हुनुपर्ने, जीवनचक्र चलाउने क्रममा संस्थाले के कस्तो सहयोग गऱ्यो भन्ने कुरालाई पनि मनन गर्नुपर्ने बताउनुभयो ।




कार्यक्रममा कोषका निर्देशक छविरमण अधिकारीले अवकाशपछिको सुखद जीवनको शुभकामना दिनुभयो । उहाँले घिमिरे र रघुवंशीले कोषमा पुऱ्याउनुभएको कामको सरहाना गर्नुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष अच्युतम पौडेलले कोषलाई अहिलेको अवस्थामा ल्याउन उहाँहरूले पुऱ्याउनुभएको योगदानको उच्च कदर गर्नुपर्ने धारणा राख्नुभयो ।

त्यसैगरी, नागरिक लगानी कोष कर्मचारी युनियनका अध्यक्ष नेत्रविक्रम थापाले भावनात्मक रूपमा संस्थागत अनुभवी व्यक्तित्वलाई बिदाइ गर्दा दुःख लागेको बताउनुभयो । फरक-फरक भूमिकामा काम गर्न सक्ने उहाँहरूको अवकाशपछिको सुखद जीवनको शुभकामना दिनुभयो ।

# कोष कर्मचारीहरूको पदोन्नति

**काठमाडौं (ना.ल.कोष)** । नागरिक लगानी कोषका वरिष्ठ सहायक (पाँचौं तह)मा कार्यरत अच्युतम पौडेल सहायक अधिकृत (छैटौं तह)मा पदोन्नति हुनुभएको छ । त्यसैगरी सहायक तह (चौथो)मा कार्यरत प्रकाश गौतम र हरिगेन कुमार कामति वरिष्ठ सहायक (पाँचौं) तहमा पदोन्नति हुनुभएको छ ।



# नागरिक लगानी कोषको ब्याजदरमा हेरफेर

**काठमाडौं (ना.ल.कोष) ।** नागरिक लागनी कोषले सञ्चालनमा ल्याएको विभिन्न कार्यक्रम र योजनाहरूको ब्याजदरमा हेरफेर गरेको छ । कोष सञ्चालक समितिको मिति २०८२ पुस अन्तिम साता बसेको बैठकको निर्णयअनुसार ब्याजदर हेरफेर गरिएको हो । बजारमा रहेको अधिक तरलता र लगानी अवस्थालाई मूल्यांकन गर्दै कोषले ब्याजदर हेरफेर गरेको हो ।

**कोषको विभिन्न कार्यक्रमका ब्याजदर**

| क्र.सं. | योजना | आव २०८२/८३ कात्तिकको ब्याजदर (प्रतिशत) | आव २०८२/८३ माघको ब्याजदर (प्रतिशत) |
|---|---|---|---|
| १. | कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष | ४ | ३.७५ |
| २. | कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष (९०) प्रतिशत कर्जा | ५.५ | ५.२५ |
| ३. | आवास कर्जा | ७.२५ | ७ |
| ४. | सरल कर्जा | ७.५० | ७.२५ |
| ५. | नागरिक एकांक योजना (व्यक्तिगत) | ५.२५ | ५ |
| ६. | नागरिक एकांक योजना (संस्थागत) | ३.७५ | ३.५ |
| ७. | लगानीकर्ता/उपदान कोष | ३ | २.७५ |
| ८. | लगानीकर्ता र उपदान कोष योजना कर्जा (८०) प्रतिशत सापटी | ४.५० | ४.२५ |
| ९. | बिमा कोष (निजामती) | ३ | २.७५ |
| १०. | बिमा कोष (शिक्षक) | ३ | २.७५ |
| ११. | बिमा कोष (नेपाल प्रहरी) | ३ | २.७५ |
| १२. | बिमा कोष (सशस्त्र प्रहरी बल) | ३ | २.७५ |
| १३. | बिमा कोष (नेपाली सेना) | ३ | २.७५ |
| १४. | बिमा कोष (नार्क) | ४ | २.७५ |
| १५. | बिमा कोष (राष्ट्रिय अनुसन्धान विभाग) | ३ | ३.७५ |
| १६. | नागरिक पेन्सन योजना | ४.५७ | ४.५ |
| १७. | सरल कर्जा उपदान | ७.५ | ७.२५ |
| १८. | नार्क बिमा (८०) प्रतिशत ऋण | ५.५ | ५.२५ |
| १९. | शैक्षिक कर्जा | ७.२५ | ७.२५ |
| २०. | सवारी कर्जा | ७.५ | ७.२५ |

....पृष्ठ २ बाट क्रमशः

लगानी गर्ने तयारी गरेको थियो । त्यतिखेर पूरा हुन सकेन । अब फेरि उक्त क्षेत्रमा लगानी गर्नुपर्ने अवस्था आएको उहाँले बताउनुभयो । उत्पादनशील क्षेत्रमा जाने कुरामा कोष सचेत रहेको भए पनि प्रत्यक्ष रूपमा उक्त क्षेत्रमा कोष जान नसक्ने भएको हुँदा त्यसका लागि ऐन संशोधन गरेर अघि बढ्नुपर्ने भएकाले कोषले ऐन संशोधन गरेर मन्त्रालयमा पठाएको जानकारी उहाँले दिनुभयो । सम्पत्ति शुद्धीकरणको सम्बन्धमा नेपाल राष्ट्र बैंकले निर्देश गरेअनुसार कोष अघि बढिरहेको छ । सो सम्बन्धमा कोषले आन्तरिक नीति बनाइसकेको हुँदा सोहीअनुसार कार्य भइरहेको जानकारी उहाँले दिनुभयो ।

सभाका अध्यक्ष घिमिरेले उपस्थित सम्पूर्ण महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दै सेयरधनीहरूले सभामा प्रस्तुत गर्नु भएका सल्लाह, सुझाव तथा विचारलाई कोषले सकारात्मक रूपमा लिएको बताउनुभयो । कोषको कार्यक्रमहरूको थप प्रवर्धन गरी स्वरोजगार तथा वैदेशिक रोजगारमा रहेका नेपालीहरूलाई कोषको कार्यक्रममा समावेश गर्दै लगिनेमा उहाँले जोड दिनुभयो । कोषले पुँजी बजारमा समेत नेतृत्वदायी भूमिका खेलिरहेकामा सो कार्य आगामी दिनमा थप प्रभावकारी ढंगले अघि बढाइने उहाँको भनाइ थियो ।

अध्यक्ष घिमिरले आगामी दिनमा कोषले बचत संकलनको दायरा विस्तार गर्दै जानेमा जोड दिँदै उहाँले भन्नुभयो, 'कोषले नेपाल सरकारका प्राथमिकतामा रहेका पूर्वाधार निर्माणका परियोजनामा लगानी बढाउने, सहभागीहरूलाई प्रदान गर्दै आएको सहभागी कर्जालाई विस्तार गर्ने, सेयर धितो कर्जा प्रदान गर्ने, सवारी कर्जा प्रदान गर्ने, जोखिम विश्लेषण गरी पूर्वाधारसम्बन्धी उपयुक्त परियोजनामा लगानी बढाउँदै लैजानेछ ।' कोषमा विद्यमान सम्भावना तथा अवसरको उपयोग गर्दै समस्या एवं चुनौतीलाई समाधान गरी लगानी व्यवस्थापन प्रभावकारी रूपमा बढाइरहेको धारणा राख्दै सभा सभा विसर्जन गर्नुभयो । साधारण सभामा प्रस्तुत विवरणअनुसार आर्थिक वर्ष २०८२/८३ को असोज मसान्तसम्म कोषको खुद कोष मौज्दात रकम २ खर्ब ९६ अर्ब ८९ करोड रुपैयाँ पुगेको छ । सञ्चालक समितिमा सर्वसाधारण सेयरधनीको तर्फबाट नारायणप्रसाद घिमिरे निर्विरोध निर्वाचित हुनुभएको छ ।

# कोष योजनाको प्रवर्धनात्मक कार्यका लागि एबीसी टेलिभिजनसँग सहकार्य

**काठमाडौं (ना.ल.कोष)** । नागरिक लगानी कोष र एबीसी मिडिया ग्रुप (एबीसी टेलिभिजन)बीच कोषको गतिविधि प्रसारण गर्ने सम्बन्धमा सम्झौता भएको छ । सोसम्बन्धी सम्झौतामा कोषका निर्देशक शोभा श्रेष्ठ र टेलिभिजनका नायब महाप्रबन्धक ध्रुव शाहीले हस्ताक्षर गर्नुभएको हो ।




सम्झौतापश्चात् टेलिभिजनले नागरिक लगानी कोषको कर्मचारी बचत वृद्धि अवकास कोष, उपदान तथा पेन्सन योजना, लगानीकर्ता अवकास कोष योजना, राष्ट्रसेवक कर्मचारीको जीवन बिमा कोष, नागरिक एकांक योजना, नागरिक पेन्सन योजना र नेपाल कृषि अनुसन्धान परिषद् बिमा कोषमा सहभागी भई अवकाशपछिको जीवन सुरक्षित बनाऔं भन्ने टेलिभिजन कमर्सिल विज्ञान (टीभीसी) प्रत्येक दिन समाचार हुनुपूर्व प्रतिदिन सातपटकको दरले एक महिना प्रसारण गरेको थियो । मिति २०८२ मंसिर १४ देखि पुस १३ सम्म प्रसारण भएको उक्त टीभीसीले कोषको व्यावसायिक प्रवर्धनमा सहयोग पुऱ्याएको थियो ।

## सर्वसाधारण सेयरधनीको तर्फबाट सञ्चालकमा घिमिरे




**काठमाडौं (ना.ल.कोष)** । नागरिक लगानी कोषको सर्वसाधारण सेयरधनीका तर्फबाट सञ्चालक समिति सदस्यमा नारायणप्रसाद घिमिरे निर्विरोध निर्वाचित भएका छन् । कोषको ३१औं वार्षिक साधारण सभामा घिमिरे सर्वसम्मत रूपमा चयन हुनुभएको हो । यसभन्दा अघि उहाँ कोषको वरिष्ठ उपनिर्देशकबाट अवकाश हुनुभएको थियो ।

**सुरक्षित भविष्यका लागि नागरिक लगानी कोषको 'कर्मचारी बचत वृद्धि अवकास कोष'मा सहभागी होऔं ।**

**यस कार्यक्रमका विशेषता :**

- कार्यक्रममा निजामती कर्मचारी वा सरकारी/अर्धसरकारी वा प्रचलित कानुन बमोजिम स्थापित गैरसरकारी संगठित संस्थामा कार्यरत कर्मचारीहरु सहभागी हुन सक्ने ।
- कोषका सहभागीहरुलाई बचत गर्न सुरु गरेको एक आर्थिक वर्ष (३६५ दिन) पछि बचत रकमको ९० प्रतिशतसम्म सापटी सुविधा ।
- सहभागीहरुलाई निजी आवासीय घर निर्माण, घर खरिद, फ्ल्याट खरिदका लागि घरजग्गा धितोमा एक करोड रुपैयाँसम्मको आवास कर्जा तथा जग्गा खरिदका लागि पचहत्तर लाख रुपैयाँसम्मको कर्जा सुविधा ।
- श्रीमान्/श्रीमती दुवै कोषमा सहभागी भएमा एक करोड पचास लाख रुपैयाँसम्मको आवास कर्जा सुविधा ।
- सहभागीहरुलाई घर मर्मत/पुनर्संरचना/पुनर्तालिकीकरण र घर सजावटका लागि धितोमा अधिकतम पच्चीस लाख रुपैयाँसम्मको कर्जा सुविधा ।
- सहभागीहरुलाई आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक प्रकृतिका भइपरी आउने कार्यका लागि घरजग्गा धितोमा पचास लाख रुपैयाँसम्मको सरल कर्जा सुविधा ।
- सहभागीहरुको जम्मा बचत रकममा ब्याज र थप प्रतिफल पाइने ।
- सहभागी बचतकर्ताको दुर्घटना भई मृत्यु भएमा एक लाख रुपैयाँसम्मको विपद् सहुलियतको व्यवस्था ।
- आयकर नियमावली, २०५९ (पन्ध्रौं संशोधन) अनुसार वार्षिक पाँच लाख रुपैयाँ वा निर्धारणयोग्य आयको एक तिहाइमा जुन घटी हुन्छ, सो रकमसम्म कर छुट ।

**विस्तृत जानकारीका लागि:**
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१ - ५९७०२०१ मा सम्पर्क गर्नु हुन ।

**नागरिक लगानी कोष**
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।

# कोष कर्मचारीलाई वैदेशिक तालिम

**काठमाडौं (ना.ल.कोष)** । नागरिक लगानी कोषले आफ्ना कर्मचारीहरूलाई इन्डोनेसिया र बैंककमा तालिम प्रदान गरेको छ । इन्डोनेसियामा Educaution and Traine of Executive Exposure visit programe सम्बन्धी तालिम प्रदान गरिएको थियो ।

इन्डोनेसियाको जर्कातामा मंसिर



२३ देखि २५ सम्म आयोजित उक्त कार्यक्रममा कोषका सहायक निर्देशक संगीता शर्मा र रिता पाठक सहभागी हुन भएको हो । उक्त तालिममा उच्च व्यवस्थापकले गर्नुपर्ने कार्यसम्बन्धी जानकारी दिइएको थियो ।

कोषले व्यवस्थापन र नेतृत्व तहमा बसेर कसरी संस्थालाई अघि लान सकिन्छ भन्ने विषयमा बैंककमा Global Trends





in Leadership and Management सम्बन्धी तालिम प्रदान गरेको थियो । कात्तिक २९ देखि मंसिर १ सम्म प्रदान गरिएको उक्त तालिममा अधिकृतहरू क्रमशः राजु भुर्तेल, झेनुका रिमाल, तिर्थकुमार थापा र निशा खतिवडा सहभागी हुन भएको थियो ।

त्यसैगरी बैंककमै Strategic Leadership in a Globalized Digital Era (SLIGCE) सम्बन्धी तालिम प्रदान गरिएको थियो । मंसिर २३ देखि २७ सम्म आयोजित उक्त कार्यक्रममा कोषका अधिकृतद्वय शंकर अधिकारी र निशान्त श्रेष्ठले सहभागिता जनाउनुभएको हो ।

तालिममा विश्वव्यापी डिजिटल युगमा रणनीतिक नेतृत्व सम्बन्धमा जानकारी दिइएको थियो । यसभन्दा अघि पनि कोषले विभिन्न किसिमको तालिममा कर्मचारीहरूलाई सहभागी गराउँदै आइरहेको छ ।


**नागरिक लगानी कोषका कार्यक्रममा सहभागी होऔं !**
**अवकासपछिको जीवन सुरक्षित बनाऔं !!**

**कोषका अवकास योजना/कार्यक्रमहरू :**

- कर्मचारी बचत वृद्धि अवकास कोष
- उपदान तथा पेन्सन योजना
- लगानीकर्ता अवकास कोष योजना
- राष्ट्रसेवक कर्मचारीको जीवन बीमा कोष
- नागरिक एकांक योजना
- नागरिक पेन्सन योजना
- नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोष

**विस्तृत जानकारीका लागि :**
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१ - ५९७०२०१ मा सम्पर्क गर्नु हुन ।

**नागरिक लगानी कोष**
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।


नागरिक लगानी कोषको अनुसन्धान तथा बजार विकास महाशाखाद्वारा प्रकाशित । प्रमुख संरक्षक : पर्वत कुमार कार्की, संरक्षक : शोभा श्रेष्ठ सुवेदी, हेमन्त पोखरेल, छबिरमण अधिकारी, नवराज खड्का, सल्लाहकार : रोशन जंग कार्की, अमृत बहादुर अधिकारी, हिरामणी खतिवडा, सम्पादक : **उद्धव सिलवाल**
डिजाइन/मुद्रणः रोल्वालिङ अफसेट प्रेश, बानेश्वर